# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ : ०७८-५७५०१०
फ्याक्स: ०७८-५७५३९३
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७७/०७८
च.न.: ७६६

मिति : २०७७/०७/१४

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु सबै
देवचुली नगरपालिका, नवलपुर

**बिषय : EMIS तथा सर्वेक्षण फाराम अद्यावधिक गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (**COVID 19**) को संक्रमणले गर्दा नेपाल सरकारले मिति २०७६ चैत्र ११ गतेदेखि देशभर लकडाउन गरेको हुँदा शैक्षिक गतिविधिहरु लगायत सम्पूर्ण शैक्षिक संस्थाहरु हालसम्म पनि पूर्ण सञ्चालनको अवस्थामा नरहेको कुरा सर्वविदितै छ ।

यसै सन्दर्भमा विभिन्न वैकल्पिक सिकाईका विधिहरुको प्रयोग गरी कक्षा तथा शैक्षिक क्रियाकलापहरु सञ्चालन भइरहेका छन । विद्यालय तहको विद्युतीय एकीकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली **Excel Base** को **Electronic School Level IEMIS** व्यवस्थापनलाई भौतिक दुरी लगायत अन्य सुरक्षाका उपायहरु अपनाई मिति २०७७/०३/१५ भित्र ९० प्रतिशत अभिलेख अद्यावधिक गर्ने भनी सूचना गरिएको थियो । तर केही विद्यालयहरुको हालसम्म पनि अद्यावधिक नभएको कारणले हाल शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक व्यवस्थापन शाखा, सानोठिमी, भक्तपुरद्धारा मिति २०७७/०६/०५ गतेको सूचना तथा मिति २०७७/०७/०१ गते गोरखापत्रमा पुनः प्रकाशित सूचना अनुसार यहि **मिति २०७७/०७/२५ गतेभित्र** २०७७ सालको नयाँ विवरणहरु समेत अद्यावधिक गरी अनिवार्य रुपमा **Web Portal, iemis.doe.gov.np** मा **Upload** गर्नुहुन विनम्र अनुरोध गरिन्छ । **साथै उक्त विवरणहरु अद्यावधिक गरीसके पश्चात विद्यार्थी सिकाइ सहजीकरण सम्बन्धी शैक्षिक कार्यक्रमहरुको सर्वेक्षण फाराम समेत सोही Web Portal मार्फत भर्नुपर्ने भएकाले सोही अवधिभित्र सम्पूर्ण कार्य सम्पन्न गर्नुहुन समेत अनुरोध गरिन्छ ।**

***(तोकिएको समयभित्र सम्पूर्ण काम सम्पन्न नगरेमा सम्बन्धित विद्यालय जवाफदेही हुनेछ ।)***

**(EMIS सम्बन्धी केही जिज्ञासा भएमा सम्पर्कका लागि ९८४३६८६३६६, ९८५७०८८९१३)**

.............................
(राम प्रसाद शर्मा)
नगर शिक्षा प्रमुख